आज मिति २०८१/११/०१ गतेका दिन विहान ८:३० बजे यस नेत्रावती डबजोड गाउँपालिकाका अध्यक्ष श्री मेघनाथ रिजाल ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाका तपसिल बमोजिम सदस्यहरुको उपस्थितिमा बैठक बसी निम्नानुसारको प्रस्ताव माथि छलफल गरी निर्णय गरियो ।

<u>उपस्थितिः</u>

| | |
|---|---|
| अध्यक्ष | मेघनाथ रिजाल |
| उपाध्यक्ष | सितामाया गुरुङ |
| सदस्य | ठाकुर गुरुङ |
| सदस्य | मिन बहादुर तामाङ |
| सदस्य | सुरेश गुरुङ |
| सदस्य | हरि अधिकारी |
| सदस्य | सितामाया घले |
| सदस्य | भावना तामाङ |
| सदस्य | कमला तामाङ गुरुङ |
| सदस्य | शेर बहादुर घले |
| सदस्य | ज्योती सुनार |
| सदस्य | सन्तमाया गुरुङ |
| सदस्य सचिव | हरेराम साह |

<u>अन्य उपस्थितिः</u>

| | |
|---|---|
| अधिकृत छैठौं | ज्ञानेन्द्र राज दाहाल |
| सहायक लेखा अधिकृत | मनिषा कुमारी घिमिरे |
| सुचना प्रविधि अधिकृत | ईश्वरी श्रेष्ठ |

नेत्रावती डबजोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सैमजोङ, धादिङ
बागमती प्रदेश, नेपाल

**निर्णय नं. १:** **प्रस्ताव नं. १** माथि छलफल गर्दा यस नेत्रावती डबजोङ गाउँपालिका वडा नं. २ निवासी (ना. प्र. नं. ७/६३८) माकु तामाङको मिति २०८१/०९/१० गतेको निवेदन, वडा कार्यालयको सिफारिस र प्रहरी मुचुल्का अनुसार मिति २०८१।०९।१० गते अन्दाजी २:०० बजेको समयमा घरसँगै रहेको ढुङ्गा, माटो र जस्ताले बनेको भान्सा कोठामा अचानक आगलागी भई क्षति भएको हुँदा निजलाई गाउँपालिकाको विपद् कोष व्यवस्थापन कार्यविधि अनुसार क्षतिपूर्ति दिने निर्णय गरियो ।

**निर्णय नं. २:** **प्रस्ताव नं. २** माथि छलफल गर्दा गोरखा काठमाडौं पदयात्रा कार्यक्रम २०८१ मा खटिनुभएका नेपाली सेनाहरुलाई वडा नं ४ र ५ मा स्वागत तथा विदाई कार्यक्रम गर्दा कार्यक्रममा भएको खर्चको भुक्तानी बिल अनुसार कार्यक्रम खर्च शीर्षकबाट दिने निर्णय गरियो । साथै सेल्ले फाँट खेत सरसफाई गर्न २२ घण्टा र राम्चे पहिरो सडक सरसफाई १६.५ एक्साभेटर प्रयोग गरे वापतको रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ३:** **प्रस्ताव नं. ३** माथि छलफल गर्दा निलकण्ठ नगरपालिकाद्वारा आयोजित कर्मचारी एवम् जनप्रतिनिधिबिच अन्तरपालिका स्तरीय फुटसल प्रतियोगितामा नेत्रावती डबजोङ गाउँपालिकाको तर्फबाट सहभागिताका लागि सहभागी टिम पठाउने निर्णय गरियो । साथै प्रतियोगितामा गाउँपालिकाको तर्फबाट सहभागी टिमको जर्सी, जुता लगायत खानाखाजा तथा आवासमा भएको खर्चको भुक्तानी कार्यक्रम खर्च शीर्षकबाट दिने निर्णय गरियो ।

**निर्णय नं. ४:** **प्रस्ताव नं. ४** माथि छलफल गर्दा आ. व. २०८१।८२ मा यस गाउँपालिकाको स्थानीय तह संस्थागत स्वमूल्याङ्कन वापत जम्मा ८६ अंक प्राप्त भएकोमा सो प्रारम्भिक नतिजामाथि गाउँकार्यपालिकामा छलफल गरी आगामी आर्थिक वर्षहरुमा स्थानीय संस्थागत क्षमता अभिवृद्धि गरी अंकमा सुधार ल्याउने निर्णय गरियो ।